# झिमरुक गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः-२ | संख्याः-१ | मितिः-२०७६/०३/१४

**भाग-१**
**झिमरुक गाउँपालिका**

# झिमरुक गाउँपालिकाको आर्थिक ऐन, २०७६

**प्रस्तावनाः** झिमरुक गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम झिमरुक गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि झिमरुक गाउँपालिका क्षेत्रमा लागू हुने छ ।आर्थिक वर्ष २०७६/०७७ मा झिमरुक गाउँपालिकाबाट संकलन गरिएको कर, शुल्क लगायतका दस्तुर यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र एकिकृत सम्पति कर विस्तृत अध्ययन गरे पश्चात लगाइने छ । गाउँपालिका क्षेत्रभित्र अनुसूची (१ क) बमोजिम घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमी कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमी कर (मालपोत) लगाइने र असूल उपर गरिने छ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिने छ ।

५. **व्यवसाय करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिने छ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** विस्तृत अध्ययन पश्चात गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिम कर लगाइने र असूल उपर गरिने छ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

८. **विज्ञापन करः** गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिने छ । ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

९. **मनोरन्जन करः** गाउँपालिकाका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ । ।तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिने छ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिने छ।

१२. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले पूर्वाधारको विकास तथा विस्तृत अध्ययन गरेपछि आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे बापत शुल्क लगाइने र असूल उपर गरिने छ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिका/नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिने छ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिने छ ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **दण्ड जरिवाना**ः यस ऐन बमोजिम समयमा कर, शुल्क तथा दस्तुर समयमा नबुझाउने पक्षलाई १० प्रतिशत जरिवाना लाग्ने छ ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि अनुसूची (१३) मा व्यवस्था भए बमोजिम हुने छ ।दण्ड, जरिवाना तथा कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तयार गर्न सक्ने छ ।

# अनुसूची-१
## (ऐनको दफा १  सँग सम्बन्धित )
## सम्पत्ति

| क्र.स | एकीकृत सम्पत्तिको मूल्य रु | बार्षिक दर रेट रु. |
|---|---|---|
| १ | १ देखि १०००० सम्म | ५० |
| २ | १००००१ देखि २५०००० सम्म | १०० |
| ३ | ५००००१ देखि ७५०००० सम्म | २२० |
| ४ | ७५०००१ देखि १०००००० सम्म | २७० |
| ५ | १००००००१ देखि १२५०००० सम्म | ३२५ |
| ६ | १२५०००१ देखि १५००००० सम्म | ५०० |
| ७ | १५०००००१ देखि १७५०००० सम्म | ६५० |
| ८ | १७५०००१ देखि २०००००० सम्म | ७५० |
| ९ | २००००००१ देखि २२५०००० सम्म | ८५० |
| १० | २२५०००१ देखि २५००००० सम्म | १००० |
| ११ | २५०००००१ देखि ३०००००० सम्म | १२०० |
| १२ | ३०००००१ देखि ३५००००० सम्म | १४०० |
| १३ | ३५०००००१ देखि ४०००००० सम्म | १६०० |
| १४ | ४०००००१ देखि ४५००००० सम्म | १८०० |
| १५ | ४५०००००१ देखि ५०००००० सम्म | २००० |
| १६ | ५०००००१ भन्दा थप प्रति लाख | २२५ |

## अनुसूची-१ (क)
## (ऐनको दफा २ सँग सम्बन्धित )

| घर कर | | |
|---|---|---|
| क्र.सं. | विवरण | आ.व. २०७६ को वार्षिक रु |
| १ | खरको छानाको घर | निशुल्क |
| २ | ढुङ्गा/टिन/टायल को घर | १०० |
| ३ | ढलान/ पक्की घर न्यूनतम १ तला | ५०० |
| ४ | ढलान/ पक्की घर थप प्रति तला | १०० |

## अनुसूची -२
## (ऐनको दफा ३ सँग सम्बन्धित )

| भूमि कर/मालपोत कर | | |
|---|---|---|
| क्र.सं. | विवरण | बार्षिक कर रु. |
| १ | अब्बल (१ रोपनी सम्म ) | २० |
| २ | अब्बल (१ रोपनी भन्दा माथि थप प्रति रोपनी ) | ३० |
| ३ | दोयम (१ रोपनी सम्म ) | १५ |
| ४ | दोयम (१ रोपनी भन्दा माथि थप प्रति रोपनी ) | २० |
| ५ | सीम (१ रोपनी सम्म ) | १० |
| ६ | सीम (१ रोपनी भन्दा माथि प्रति थप रोपनी ) | १५ |
| ७ | चाहार (१ रोपनी सम्म ) | ६ |
| ८ | चाहार (१ रोपनी भन्दा बढी प्रति थप रोपनी ) | ७ |

# अनुसूची-३
## (ऐनको दफा ४ सँग सम्बन्धित )

| घर जग्गा बहाल कर | | |
|---|---|---|
| **क्र.सं.** | **विवरण** | करको दर |
| १ | भवन | भाडाको १०% |
| २ | घर | भाडाको १०% |
| ३ | पसल | भाडाको १०% |
| ४ | ग्यारेज | भाडाको १०% |
| ५ | जग्गा | भाडाको १०% |
| ६ | गोदाम | भाडाको १०% |
| ७ | टहरा, छप्पर | भाडाको १०% |
| ८ | पोखरी | भाडाको १०% |
| | | |

## अनुसूची-४
## (ऐनको दफा ५ सँग सम्बन्धित )

### व्यावसय कर

| | | |
|---|---|---|
| १ | व्यवसायका क्षेत्रहरू | वार्षिक कर रु. |
| २ | मदिरा व्यवसाय(वितरक) | १०००० |
| ३ | मदिरा व्यवसाय(थोक) | ५००० |
| ४ | मदिरा व्यवसाय(खुद्रा) | २००० |
| ५ | चुरोट बिडी सुर्ती जन्य(वितरक) | १५००० |
| ६ | चुरोट बिडी सुर्ती जन्य(थोक) | १०००० |
| ७ | हल्का पेय पदार्थ(वितरक) | १५००० |
| ८ | हल्का पेय पदार्थ(थोक) | ५००० |
| ९ | सुनचाँदी व्यवसाय(नया गहना विक्री र मर्मत खुद्रा पसल र मर्मत) | ३००० |
| १० | सुनचाँदी व्यवसाय(खुद्रा पसल र मर्मत) | २००० |
| ११ | औषधी व्यवसाय (वितरक) | ५०००० |
| १२ | औषधी व्यवसाय(थोक) | १०००० |
| १३ | औषधी व्यवसाय(खुद्रा ) | ३००० |
| १४ | माछामासु बिक्री व्यवसाय | २००० |
| १५ | आयुर्वेदिक औषधी व्यवसाय (थोक) | १०००० |
| १६ | आयुर्वेदिक औषधी व्यवसाय खुद्रा | ३००० |
| १७ | एग्रोभेट व्यवसाय (थोक) | ५००० |
| १८ | एग्रोभेट व्यवसाय(खुद्रा) | १५०० |
| १९ | स्टेशनरी व्यवसाय (थोक) | ५००० |
| २० | स्टेशनरी व्यवसाय (खुद्रा) | २००० |
| २१ | छपाई तथा प्रकाशन(अफसेट प्रेस) | ५००० |
| २२ | छपाई तथा प्रकाशन(साधारण प्रेस) | २५०० |
| २३ | कस्मेटिक पसल थोक | ५००० |

| | | |
|---|---|---|
| २४ | कस्मेटिक पसल खुद्रा | १००० |
| २५ | मोटर पार्ट्स/मर्मत | १५०० |
| २६ | लुब्रीकिन थोक पसल | १५०० |
| २७ | लुब्रीकिन खुद्रा पसल | १००० |
| २८ | प्लाइ तथा ग्लास(थोक) | ८००० |
| २९ | प्लाइ तथा ग्लास(खुद्रा) | १००० |
| ३० | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल(थोक) | ७००० |
| ३१ | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल, किराना पसल(खुद्रा) | ३००० |
| ३२ | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि)(थोक) | ५००० |
| ३३ | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि)(खुद्रा) | १५०० |
| ३४ | हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल(थोक) | २०००० |
| ३५ | हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल(खुद्रा) | ५००० |
| ३६ | पेट्रोलियम पदार्थ(ग्यास सिलिन्डर सब डिलर) | ३००० |
| ३७ | मट्टितेल मात्र बिक्री | २००० |
| ३८ | स्टिल आलमुनियम पसल(थोक) | २००० |
| ३९ | स्टिल आलमुनियम पसल(खुद्रा) | १००० |
| ४० | फर्निचर (खुद्रा) र सामान्य | २००० |
| ४१ | फर्निचर मेसिनको प्रयोग गरी काठ चिरान गर्ने | ५००० |
| ४२ | इटा, ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने डिपो | १५०० |
| ४३ | कपडा सिलाई कटाई (टेलरिङ्ग आधुनिक) | १००० |
| ४४ | कपडा सिलाइ कटाई(हाते मेसिन) | ५०० |
| ४५ | पशु आहार बिक्री केन्द्र थोक | ५००० |
| ४६ | पशु आहार बिक्री केन्द्र खुद्रा | १००० |
| ४७ | फलफूल/तरकारी पसल -थोक | २००० |

| | | |
|---|---|---|
| ४८ | फलफूल/तरकारी पसल -खुद्रा | १००० |
| ४९ | भाँडा पसल | २००० |
| ५० | साना खोकामा सञ्चालन गरेको व्यवसाय/ किराना पसल | ५०० |
| ५१ | अन्य खुद्रा पसल | १५०० |
| ५२ | व्यवसायिक पशुपंक्षी जन्य फर्म | १५०० |
| **विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा** | | |
| ५३ | चिकित्सक | ८००० |
| ५४ | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग)) | ८००० |
| ५५ | कानुन व्यावसायी ल फर्म | ५००० |
| ५६ | लेखापरीक्षण व्यावसायी | ५००० |
| ५७ | दन्त चिकित्सक | ३००० |
| ५८ | अनुसन्धानकर्ता परामर्शदाता | २५०० |
| ५९ | पशु चिकित्सक | १५०० |
| ६० | रोजगार सेवा | २००० |
| ६१ | ढुवानी तथा ट्रान्सपोर्ट | २५०० |
| ६२ | पेन्टर/ साइनबोर्ड लेख्ने | ५०० |
| ६३ | जग्गा व्यवसायी | ३०००० |
| ६४ | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र दस्तुर | ४०००० |
| ६५ | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र नविकरण दस्तुर | ४००० |
| ६६ | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र नविकरण थप दस्तुर | १००० |
| ६७ | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रतिलिपि दस्तुर | १००० |
| | **उत्पादनमूलक उद्योग/ व्यवसाय** | |
| ६८ | ग्रील उद्योग | २५०० |
| ६९ | जुत्ता उद्योग सिलाई गरी विक्री गर्ने | ५०० |

| | | |
|---|---|---|
| ७० | घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती, टीकी, अचार तथा अन्य कुटिर) | १०० |
| ७१ | कपडा तथा गार्मेन्ट सिरक डस्ना उद्योग | १००० |
| ७२ | कुटानी पेलानी/ मिल/ मसला | १००० |
| ७३ | साना घरेलु विधुतीय मिल | ५०० |
| ७४ | डेरी उद्योग/ व्यवसाय | ५०० |
| ७५ | उपभोग्य वस्तु उत्पादन उद्योग(कुकिज / नुडल्स/दालमोठ/ पाउरोटी चाउमीन/ पापड चिप्स आदि | ५०० |
| ७६ | वनजन्य उद्योग(काठ बिक्री डिपो) | १०००० |
| ७७ | क्रसर/कन्क्रीट/इटा भट्टा उद्योग | ५००० |
| ७८ | ढाकाटोपी /पस्मिना उद्योग | ५०० |
| **होटल लज रेष्टुरेन्ट जन्य व्यवसाय** | | |
| ७९ | होटल र लज | ३००० |
| ८० | भोजनालय | १००० |
| ८१ | मिठाई पसल | ७०० |
| ८२ | पार्टी प्यालेस | ३५०० |
| ८३ | रेष्टुरेन्ट-बार | ५००० |
| ८४ | चिया र खाजा पसल | ५०० |
| ८५ | साना, खाजा-नास्ता पसल (मदिरासहित)) | १००० |
| ८६ | किराना पसल/मदिरा समेत | १००० |
| ८७ | किराना पसल/खाजा पसल/मिठाई पसल मदिरा समेत | २००० |
| ८८ | टेन्ट हाउस | ३००० |
| **सञ्चार** | | |
| ८९ | एफ.एम. प्रसारण | २००० |
| ९० | केवुल च्यानल प्रसारण | १००० |
| ९१ | पत्रपत्रिका प्रकाशन सेवा | ५०० |

| | | |
|---|---|---|
| ९२ | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | ५०० |
| ९३ | कुरियर सेवा | १००० |
| ९४ | कलर ल्याब/ फोटो स्टुडियो | १००० |
| | **बैंक तथा वित्तीय संस्था** | |
| ९५ | वाणिज्य बैंक प्रति शाखा | ४०००० |
| ९६ | विकास बैंक प्रति शाखा | ३०००० |
| ९७ | फाइनान्स कम्पनी प्रति शाखा | २०००० |
| ९८ | लघु वित्त प्रति शाखा | १५००० |
| ९९ | मनी ट्रान्सफर | ३००० |
| | **स्वास्थ्य संस्था** | |
| १०० | निजी अस्पताल तथा नर्सिङ्ग होम | २०००० |
| १०१ | क्लिनिक तथा ल्याब | १०००० |
| १०२ | क्लिनिक मात्र | ५००० |
| | **संस्थागत विद्यायल** | |
| १०३ | संस्थागत विद्यायल मावि | १०००० |
| १०४ | संस्थागत विद्यायल आधारभूत | ५००० |
| १०५ | निजी छात्रावास | १५०० |
| १०६ | निजी मन्टेश्वरी | १५०० |
| १०७ | ट्युशन सेन्टर | १५०० |
| १०८ | शिक्षा सेवा निजी(कम्प्युटर / नृत्यकला सिकाई केन्द्र) | १००० |
| १०९ | शिक्षा सेवा निजी(तालिम तथा अनुसन्धान केन्द्र) | १००० |
| ११० | मर्मत सम्भार (इन्जिन मर्मत ) | ५०० |
| १११ | मर्मत सम्भार (डेन्टिङ्ग पेन्टिङ्ग) | ५०० |
| ११२ | मर्मत सम्भार (टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक)) | १००० |
| ११३ | मोटरसाइकल मर्मत | १५०० |

| | | |
|---|---|---|
| ११४ | बस, ट्याक्सी लगायतका सवारी साधन मर्मत | २५०० |
| ११५ | अन्य विविध मर्मत | ५०० |
| ११६ | ड्राइ क्लिनिक, व्युटी पार्लर | १५०० |
| ११७ | फूल विरुवा पसल/ नर्सरी | ५०० |
| ११८ | गैर सरकारी संस्थाहरु(अन्तराष्ट्रिय) अभिलेखीकरण/वार्षिक कर | ५००० |
| ११९ | गैर सरकारी संस्थाहरु(राष्ट्रिय) अभिलेखीकरण/वार्षिक कर | १५०० |
| १२० | व्यवसाय दर्ता | ५०० |
| १२१ | व्यवसाय नविकरण | १०० |
| | **निकासी कर** | ० |
| १२२ | चौपाया —व्यवसाय प्रति रागाँ भैंसी | ० |
| १२३ | खोटो प्रति टेक्टर | १०००० |
| १२४ | खोटो प्रति के.जी | १.५ |
| १२५ | काठ प्रति टेक्टर | १००० |
| १२६ | काठ प्रति ६ पाङ्ग्रे ट्रक | २००० |
| १२७ | काठ प्रति १० पाङ्ग्रे ट्रक | ३००० |
| १२८ | काठ प्रति १२ पाङ्ग्रे ट्रक | ४००० |
| १२९ | ढुङ्गा, वालुवा प्रति ट्रक/ ट्रिपर | २०० |
| १३० | ढुङ्गा, वालुवा प्रति टेक्टर | ५० |
| १३१ | झोले/कुम्ले व्यापारी | ५०० |
| १३२ | रिटलीङ् व्यावसाय (जिप टिप्पर/ट्रक/पिकअप/वाइक) | ६०० |
| १३३ | ब्याक हो लोडर १०० एच पि सम्म | ५००० |
| १३४ | ब्याक हो लोडर १०० एच पि माथि | ६००० |
| १३५ | एक्साभेटर १५० (पिसी/एल सी/क्याट आदि) सम्म | ७००० |

| | | |
|---|---|---|
| १३६ | एक्साभेटर १५० (पिसी/एल सी/क्याट आदि) भन्दा माथि २०० (पिसी/एल सी/क्याट आदि) सम्म | ८००० |
| १३७ | एक्साभेटर २०० (पिसी/एल सी/क्याट आदि) भन्दा माथि | १०००० |
| १३८ | सामुदायीक वन वार्षिक आम्दानीको | ५ प्रतिशत |

## अनुसूची-५
## (ऐनको दफा ५ सँग सम्बन्धित )

| जडिबुटी कर | | |
|---|---|---|
| **क्र.सं.** | **जडिबुटीको किसिम** | प्रति किलो कर रु. |
| १ | टिम्मुर | १० |
| २ | काउलोको बोक्रा | ५ |
| ३ | तेजपात ढदालचिनी) को पात | १० |
| ४ | तेजपात ढदालचिनी) को बोक्रा | १० |
| ५ | रिठ्ठा | ५ |
| ६ | कुरीलो (प्रतिकेजी ) | १ |
| ७ | वनकस(प्रतिकेजी) | १० |

## अनुसूची-६
## (ऐनको दफा ७ सँग सम्बन्धित )

| सवारी साधन कर | | |
|---|---|---|
| **सि.नं.** | **राजस्वको क्षेत्रहरु** | वार्षिक कर रु. |
| १ | प्राइभेट कार जीप भ्यान | ५०० |
| २ | भाडा कार जीप भ्यान | १५०० |
| ३ | ट्र्याकटर | १५०० |
| ४ | मिनिबस/बस | २००० |
| ५ | ट्रक र हेभिबस | ३००० |
| ११ | अटोरिक्सा भाडावाला रिक्सा | ५०० |
| १२ | म्याजिक वार्षिक | १००० |

## अनुसूची-७
## (ऐनको दफा ८ सँग सम्बन्धित )

| विज्ञापन कर | | |
|---|---|---|
| क्र.सं. | प्रकार | वार्षिक कर रु. |
| १ | डिजिटल डिस्प्ले | १००० |
| २ | पर्खाल बार भित्ता आदिमा पोतिएको प्रतिवर्ग फुट | १० |
| ३ | पोल व्यानर | १०० |
| ४ | साइनबोर्ड प्रति वर्ग फूट | २०० |

## अनुसूची -८
## (ऐनको दफा ९ सँग सम्बन्धित )

| मनोरञ्जन कर | | |
|---|---|---|
| क्र.सं. | विवरण | कर रु. |
| १ | जादु सर्कस प्रति पटक | २०० |
| २ | नाटक प्रति पटक | २०० |
| ३ | दोहोरी साँझ वार्षिक | २०००० |
| ४ | मेला महोत्सब ३ दिन सम्म (पहिलो ३ दिनसम्म ) | ५००० |
| ५ | मेला महोत्सब ३ दिन देखी ६ वढी | |
| क | कृर्षि मेला प्रतिदिन थप | ५०० |
| ख | व्यापारीक मेला प्रतिदिन थप | ३००० |
| ग | मनोरञ्जन मेला प्रतिदिन थप | ३००० |
| घ | औधोगिक मेला प्रतिदिन थप | ५००० |

## अनुसूची-९
## (ऐनको दफा १० सँग सम्बन्धित )

| बहाल विटौरी शुल्क | | |
|---|---|---|
| **सि.नं.** | **राजस्वको क्षेत्रहरु** | शुल्क रु. |
| १ | हाटबजार(प्रति स्टल/ वार्षिक) | ५०० |
| २ | पसल(प्रति वर्ग फुट मासिक | ५०० |
| ३ | हल भाडा(प्रति दिन) गा.पा अन्तर्गतका कार्यालय प्रयोजन वाहेक | १२०० |
| ४ | मल्टिमिडिया प्रति दिन (कार्यालय प्रयोजन वाहेक ) | ५०० |
| ५ | स्पिकर (कार्यालय प्रयोजन वाहेक ) | ५०० |
| ६ | कुर्सी(प्रतिदिन)(कार्यालय प्रयोजन वाहेक ) | ५ |

## अनुसूची-१०
## (ऐनको दफा ११ सँग सम्बन्धित )

| पार्किङ्ग शुल्क | | |
|---|---|---|
| **क्र.सं.** | **सवारी किसिम** | प्रति दिन शुल्क रु. |
| १ | मोटर साइकल | १० |
| २ | कार | २० |
| ३ | बस ट्रक | ५० |
| ४ | ट्र्याक्टर | ४० |

| अनुसूची-११<br>(ऐनको दफा १३ सँग सम्बन्धित ) | | |
|---|---|---|
| सेवा शुल्क, दस्तुर | | |
| सि.नं. | राजस्वको क्षेत्रहरु | दर / शुल्क/दस्तुर रु. |
| १ | घरजग्गा नामसारी सिफारीस | ५०० |
| २ | जग्गा धनी प्रमाण दर्ता पूर्जामा घर कायम सिफारीस(पक्की घर ) | ५०० |
| ३ | जग्गा धनी प्रमाण दर्ता पूर्जामा घर कायम सिफारीस(कच्ची घर ) | ३०० |
| ४ | कित्ता काट गर्ने सिफारिस (व्यापारिक प्रति कित्ता) | १००० |
| ५ | वहाल कर लेखाजोखा सिफारिस | ५०० |
| ६ | मोही लगत कट्टा सिफारिस | ५०० |
| ७ | कित्ता काट गर्ने सिफारिस (व्यक्तिगत) | ३०० |
| ८ | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारिस | निःशुल्क |
| ९ | अपाङ्गता भएको सिफारिस/जेष्ठ नागरीक सिफारिस | निःशुल्क |
| १० | नागरिकता सिफारिस | २५० |
| ११ | वैवाहिक अंगिकृत नागरिकता सिफारिस | १००० |
| १२ | नागरिकता प्रतिलिपि सिफारिस | २५० |
| १३ | धारा तथा विधुत जडान सिफारिस | २०० |
| १४ | जीवित रहेको सिफारिस | २५० |
| १५ | नाम थर जन्म मिति शंशोधनको सिफारिस | २५० |
| १६ | कुनै ब्यक्तिको नाम थर जन्म मिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एकै एकै हो भन्ने सिफारिस | २५० |
| १७ | व्यापार व्यवसाय बन्द भएको सिफारिस | ५०० |
| १८ | व्यापार व्यवसाय सञ्चालन नभएको सिफारिस | ५०० |
| १९ | व्यापार व्यवसाय नभएको सिफारिस | ५०० |
| २० | उद्योग ठाउँसारी सिफारिस | ५०० |

| | | |
|---|---|---|
| २१ | विद्यालय ठाउँसारी सिफारिस | ५०० |
| २२ | विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने | १००० |
| २३ | आधारभुत विद्यालय खोल्न सिफारिस गर्ने | १००० |
| २४ | व्यक्तिगत विवरण प्रमाणित गर्ने | ५०० |
| २५ | संरक्षक सिफारिस र प्रमाणित गर्ने (व्यक्तिगत) | २५० |
| २६ | संरक्षक सिफारिस र प्रमाणित गर्ने (संस्थागत) | १००० |
| २७ | वन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने सिफारिस | ५०० |
| २८ | स्वास्थ्य उपचारको सिफारिस(निशुल्क उपचारको लागि) | निःशुल्क |
| २९ | स्वास्थ्य उपचारको सिफारिस(सशुल्क उपचारको लागि) | १०० |
| ३० | जग्गा धनी प्रमाण पूर्जा हराएको सिफारिस | २०० |
| ३१ | जीवितसँगको नाता प्रमाणित | २५० |
| ३२ | मृतकसँगको नाता प्रमाणित तथा सर्जिमिन सिफारिस | ५०० |
| ३३ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | २००० |
| ३४ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | १०० |
| ३५ | असक्त असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने | निःशुल्क |
| ३६ | जग्गा मुल्याङ्कन सिफारिस | ५०० |
| ३७ | जन्ममिति प्रमाणित | ३०० |
| ३८ | घर जग्गा करको लेखाजोखा गर्ने | ५०० |
| ३९ | घर पाताल प्रमाणित | ५०० |
| ४० | जग्गाको हक सम्वन्धमा सिफारिस गर्ने | ३०० |
| ४१ | हकवाला वा हकदार प्रमाणित | ५०० |
| ४२ | विवाहित प्रमाणित/अविवाहित प्रमाणित | ३०० |
| ४३ | सिफारिस तथा अन्य कागजातहरुलाई अग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने | १००० |

| | | |
|---|---|---|
| ४४ | अपुताली सिफारिस | २५० |
| ४५ | घर नक्सापास दस्तुर(पक्की घर प्रति वर्ग फिट) | २ |
| ४६ | घर नक्सापास दस्तुर(कच्ची घर प्रति वर्ग फिट) | २५ पैसा |
| ४७ | नक्सा पास निवेदन फाराम दस्तुर | ५०० |
| ५० | दर्ता शुल्क | |
| ५१ | जन्म दर्ता (३५ दिनभित्र भए निःशुल्क) अन्यथा | २०० |
| ५२ | मृत्य दर्ता (३५ दिनभित्र भए निःशुल्क) अन्यथा | २०० |
| ५३ | बसाइसराइ जाने आउने दर्ता(३५ दिनभित्र भए निःशुल्क) अन्यथा | ६०० |
| ५४ | सम्बन्ध विच्छेद दर्ता(३५ दिनभित्र भए निःशुल्क) अन्यथा | ३०० |
| ५५ | विवाह दर्ता(३५ दिनभित्र भए निःशुल्क) अन्यथा | ५०० |
| ५६ | पञ्जिकरण प्रतिलिपि | ३०० |
| ५७ | स्थायी वसोवास सिफारिस | २५० |
| ५८ | राहदानी सिफारिस | २५० |
| ५९ | करचुक्ता सिफारिस | २५० |
| ६० | सुची दर्ता | २०० |
| ६१ | **सहकारी संस्था दर्ता** | |
| क | बहुउद्देश्यीय सहकारी | ५००० |
| ख | कृषि सहकारी | १००० |
| ग | श्रमिक सहकारी | १००० |
| घ | वचत तथा ऋण सहकारी (महिला) | १००० |
| ङ | वचत तथा ऋण सहकारी अन्य | ५००० |
| च | अन्य उपभोक्ता सहकारी | १००० |
| ६२ | **सहकारी संस्था नविकरण** | |
| क | बहुउद्देश्यीय सहकारी | १००० |
| ख | कृषि सहकारी | ५०० |

| | | |
|---|---|---|
| ग | श्रमिक सहकारी | ५०० |
| घ | वचत तथा ऋण सहकारी (महिला) | ५०० |
| ङ | वचत तथा ऋण सहकारी अन्य | ५०० |
| च | अन्य उपभोक्ता सहकारी | ५०० |
| ६३ | **नयाँ व्यवसाय दर्ता (चुक्ता पूँजीको आधारमा)** | |
| क | १ लाख सम्मको | ३०० |
| ख | १ लाख भन्दा माथि ३ लाखसम्म | ५०० |
| ग | ३ लाख भन्दा माथि ५ लाखसम्म | १००० |
| घ | ५ लाख भन्दा माथि १० लाखसम्म | २००० |
| ङ | १० लाख भन्दा माथि १५ लाखसम्म | ३००० |
| च | १५ लाख भन्दा माथि २० लाखसम्म | ४००० |
| छ | २० लाख भन्दा माथि २५ लाखसम्म | ५००० |
| ज | २५ लाख भन्दा माथि प्रति लाख | रु. २५० का दरले थप |
| ६४ | उजुरी/मुद्दा दर्ता र मेलमिलाप | २०० |
| ६५ | नाबालक परिचयपत्र सिफारिस | २०० |
| ६६ | चौपाया सम्बन्धी सिफारिस | २०० |
| ६७ | व्यवसाय दर्ता गर्ने सिफारिस | ५०० |
| ६८ | आन्तरिक बसाइसराइ सिफारिस | २५० |
| ६९ | व्यक्तिगत विवरण सिफारिस/ नविकरण सिफारिस | ५५० |
| ७० | जग्गा दर्ता सिफारिस | ३०० |
| ७१ | संस्था दर्ता सिफारिस | ६०० |
| ७२ | चारकिल्ला प्रमाणित | ६०० |
| ७३ | चारकिल्ला प्रमाणित सर्जिमिन सहित | १००० |

| | | |
|---|---|---|
| ७४ | घर बाटो प्रमाणित(बाटो भएकोमा) | ६०० |
| ७५ | घर बाटो प्रमाणित(बाटो नभएकोमा) | ३०० |
| ७६ | विवाह प्रमाणित | ५०० |
| ७७ | कागज/ मञ्जुरिनामा प्रमाणित | २५० |
| ७८ | घर सम्पन्न सिफारिस/ प्रमाणित(पक्की) | ५०० |
| ७९ | घर सम्पन्न सिफारिस/ प्रमाणित(पक(कच्ची) | २०० |
| ८० | अन्य सर्जिमिन दस्तुर | २०० |
| ८१ | छात्रवृत्ति सिफारिस | २०० |
| ८२ | मासीक/वार्षीक आय श्रोत प्रमाणित | कूल आयको ०.२५% |
| ८३ | जग्गा धितो मूल्याङ्कन | कूल मूल्याङ्कको ०.२५% |
| ८४ | घर अभिलेखिकरण दस्तुर | ० |
| क | पक्की प्रति वर्ग फिट | १ |
| ख | कच्ची प्रति वर्ग फिट | १० पैसा |
| ८५ | समूह संस्था दर्ता शूल्क | |
| क | समूह दर्ता(कृर्षि/पशु/आमा/ बालकल्व) | २०० |
| ख | समूह नविकरण(कृर्षि/पशु/आमा/ बालकल्व) | १०० |
| ग | यस ऐनमा उल्लेखित नभएका जुनसुकै सिफारिस | २५० |
| घ | संस्था नविकरण (कृर्षि/पशु/आमा/ बालकल्व वाहेक) | २०० |

# अनुसूची-१२
## (ऐनको दफा १४ सँग सम्बन्धित )

| पर्यटन शुल्क | | |
|---|---|---|
| **क्र.सं.** | **पर्यटक किसिम** | शुल्क रु. |
| १ | भारत | २५० |
| २ | सार्कभित्रका (भारत बाहेक) | १००० |
| ३ | एसियाभित्रका | १५०० |
| ४ | अन्य मुलुकका | २००० |

# अनुसूची - १२

## (ऐनको दफा १६ सँग सम्बन्धित)

**<u>झिमरुक गाउँपालिकालाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुरहरुको विवरण तालिका:</u>**

| क्र.सं. | करको विवरण | कस्ले तिर्ने | कँहा तिर्ने | कति तिर्ने | कहिले तिर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | घर जग्गा कर/ सम्पति कर | घर धनीले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | चैत्र मसान्त भित्र | |
| २. | घर बहाल कर | घर धनीले वा सम्झौता अनुसार | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | जेठ मसान्तसम्म | |
| ३. | मालपोत कर | जग्गा धनीबाट | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | चैत्र मसान्तसम्म | |
| ४ | व्यवसाय कर | व्यवसायीबाट | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | जेठ मसान्तसम्म | |
| ५ | सवारी कर | सवारी धनीले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | दर्ता /नविकरण गर्दा | |
| ६ | मनोरञ्जन कर | सेवा प्रदायकले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | जेठ मसान्त सम्म/ सोही दिन | |
| ७ | वहाल बिटौरी कर | सम्बन्धितले | गाउँ कार्यपालिकाको कार्यालय/वडा | नियमानुसार | असोज मसान्त सम्म/ सोही | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | कार्यालयमा | | दिन | |
| ८ | विज्ञापन कर | सम्बन्धितले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | विज्ञापन राख्नु पूर्व | |
| ९ | सेवा शुल्क सम्बन्धी दस्तुरहरु | सेवा प्राप्त गर्नेले | सेवा प्राप्त गर्ने कार्यालयहरुमा | नियमानुसार | सेवा प्राप्त गर्दा | |
| १० | पर्यटन कर | पर्यटकले | गाँउ कार्यपालिकाको कार्यालयमा | नियमानुसार | प्रवेश गर्दा | |
| ११ | पार्किङ शुल्क | पार्किङ गर्नेले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | पार्किङ हुँदा | |

आज्ञाले
कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत